# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
**Office of Municipal Executive**
Bhratpur, Chitwan, Nepal

प.सं.०७५/७६प्र.म.शा.
च.नं. ८६५

मिति २०७५/०५/२८

**विषयः निर्णयको प्रतिलिपि पठाइएको ।**

श्री वडा कार्यालयहरु (सबै),

भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०५/२५ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

उप-सचिव
(कुलबहादुर जी. सी.)

**बोधार्थः**

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय महानगरपालिकाको Website मा राखु हुन ।

श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

२०७५ भाद्र २६ गते बसेको नगर कार्यपालिकाको १८ औं बैठकका निर्णयहरु

१. अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट भरतपुर महानगरपालिकालाई प्रास हुने ५५० मिटर लम्बाई र २५० मिटर चौडाई बराबरकोजग्गाको शोधभर्नाका लागिभरतपुर महानगरपालिकावडा नं २० स्थित सार्वजनिक जग्गामध्ये हाललाई १५ विघा उपलव्ध गराउने सम्वन्धमा बैठकमा पेश भै छलफल हुँदा यही बैठकलाई निरन्तरता दिई स्थानीय सरोकारवाला समेतको राय सुझाव एवं माग सम्बोधन हुनेगरी भाद्र २६ गते निर्णय लिने समझदारी गरिएकोमा अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण तयारी समितिको मिति २०७५ भाद्र २६ गते कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति तथा स्थानीय सरोकारवाला समेतको उपस्थितिमा बसेको बैठकको निर्णयसमेतका आधारमा देहाय बमोजिम निर्णय गरियो :

(क) महानगरपालिकाले वडा नं २० स्थित सार्वजनिक जग्गामध्ये हाललाई १५ विघा जग्गा कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि आवश्यक पर्ने जग्गाको शोधभर्ना बापत उपयुक्त कार्यक्रम सञ्चालनार्थ भोगचलन गर्न पाउने गरी उपलब्ध गराउने ।

(ख) उक्त स्थानमा अवस्थित विद्यालयलाई उपयुक्त स्थानमा स्थानान्तरण लगायतका व्यवस्थापकीय जिम्मेवारी महानगरपालिकाले लिने ।

(ग) विश्वविद्यालयले उक्त स्थानमा संरचना बनाउँदा वा उपयुक्त कार्यक्रम सञ्चालन गर्दा स्थानीय जनतालाई प्रतिकूल असर नपर्ने गरीमहानगर र स्थानीय सरोकारवालासँगको समन्वयमा गर्ने ।

(घ) महानगरपालिकाले २० नं. वडा (खासगरी सो जग्गाको वरिपरिको क्षेत्र) लाई विकास निर्माणमा विशेष प्राथमिकता दिने ।

(ङ) जग्गा हस्तान्तरण सम्बन्धी अन्य कानूनी प्रक्रियाका लागि सम्बन्धित निकायमा सिफारिससाथ अनुरोध गर्ने ।

२. महानगरीय चक्रपथको रेखांकन सम्वन्धमावरिष्ठ इन्जिनियर भरतकुमार आचार्यबाट हालसम्मको तयारी, चक्रपथको प्रस्तावित रेखांकन र अब लिइनुपर्ने क्रमवद्ध प्रकृयाका सम्बन्धमा कार्यपालिकासमक्ष प्रस्तुति भयो ।चक्रपथको सडक अधिकार क्षेत्र यसपूर्व भएको निर्णय बमोजिम नै ३० मिटर कायम गर्ने र चक्रपथको रेखांकन(Route) सँग सम्बन्धित विषयलाई टुंगो लगाईविस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय भयो ।

३. महानगरको विकास गुरुयोजना निर्माण तथा विकासका विविध पक्षमामार्गदर्शन तथा सुझाव प्रास गर्नका लागि राष्ट्रिय तथा स्थानीय विज्ञहरुको परिचालन सम्बन्धी कार्यविधिको खाका सम्बन्धमा बैठकमा जानकारी गराइयो । यस कार्यविधिका सम्बन्धमा थप तयारी गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

Scanned by CamScanner

४. आन्तरिक नियन्त्रण निर्देशिका, २०७५ लाई पूर्णता दिई प्रयोगमा ल्याउने निर्णय गरियो ।

५. विद्यालयहरुको लेखा परीक्षण सम्बन्धी कार्यविधि, २०७५लाई पारित गर्ने निर्णय गरियो ।

६. सरसफाई कार्यलाई थप व्यवस्थित गर्ने सम्बन्धमा बैठकमा विस्तृत छलफल भयो । यस कार्यलाई प्रभावकारी बनाउनका लागि अनुगमन गर्ने, फोहोर छुट्याएर पुनर्प्रयोग गर्ने सम्बन्धमा अभिमुखीकरण लगायतका सुधारका उपायहरु अवलम्वन गर्ने निर्णय गरियो ।

७. स्ट्रक्चरल इ. ज्योती लम्साललाई जापानमा १ वर्षे कोर्स"Seismology/Earthquake Engineering (Study)" का लागि यसपूर्व महानगर र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट भएको मनोनयन बमोजिमएक वर्ष अवधिको लागि निजको सेवा अवधि जोडिने गरी वेतलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

८. तीनपांग्रे सवारी साधनको व्यवस्थापन सम्बन्धमा नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठित कार्यदलको बैठकमा व्यवसायीहरुको तर्फबाट पेश भएका मागहरु कार्यपालिकाको बैठकमा जानकारी गराई छलफलका लागि पेश हुँदा कार्यपालिकाले तीनपांग्रे साधनको व्यवस्थापन सम्बन्धमा यसअघि लिएको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो । तत्कालीन परिस्थितिमा गठित कार्यदललाई निरन्तरता दिन आवश्यक नभएकोले विघटन गरी सो बारेमाजिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी गराउने निर्णय गरियो ।

**विविध निर्णयहरु**

१. सार्वजनिक जग्गा पहिचान तथा संरक्षणका लागि निर्देशक समिति तथा कार्यान्वयन समिति गठन सम्बन्धमा

निर्देशक समिति: सार्वजनिक जग्गाको उचित संरक्षण तथा अभिलेखन सम्बन्धमा नीति निर्धारण गर्ने र कार्यान्वयन समितिलाई निर्देशित गर्नेउद्देश्यका लागि गठन हुने निर्देशक समितिमा देहायका पदाधिकारीहरु रहनेछन् :

| | |
|---|---|
| नगर प्रमुख, भरतपुर महानगरपालिका | संयोजक |
| नगर उपप्रमुख प्रमुख, भरतपुर महानगरपालिका | सहसंयोजक |
| प्रमुख जिल्ला अधिकारी, चितवन | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, भरतपुर महानगरपालिका | सदस्य |
| प्रहरी उपरीक्षक, जिल्ला प्रशासन कार्यालय, चितवन | सदस्य |
| कार्यान्वयन समितिका संयोजक | सदस्य |
| प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय,चितवन | सदस्य |
| प्रमुख नापी अधिकृत, नापी कार्यालय,चितवन | सदस्य |
| उपसचिव कुलबहादुर जि सी, भरतपुर महानगरपालिका | सदस्य-सचिव |

Scanned by CamScanner

निर्देशक समितिले आफ्नो बैठकमा जिल्लामा रहेको वन कार्यालय/डिभिजन र अन्य सरोकारवाला वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

कार्यान्वयन समिति : भरतपुर महानगरपालिका अन्तर्गतका सार्वजनिक जग्गाको खोजी गरी संरक्षण तथा अभिलेखन गर्ने प्रयोजनका लागि गठन हुने कार्यान्वयन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| श्री अरुणपीडित भण्डारी, वडाध्यक्ष,वडा नं. १० | संयोजक |
| श्री चित्रसेन अधिकारी, वडाध्यक्ष, वडा नं.२१ | सदस्य |
| श्री पदमपाणी सुवेदी, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| श्री ज्ञानप्रसाद खनाल,वडाध्यक्ष, वडा नं. २६ | सदस्य |
| श्री नरेन्द्रकुमारकनदङ्वा, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| श्री कर्णबहादुर गुरुङ, वडाध्यक्ष, वडा नं. १९ | सदस्य |
| श्री मणिलाल तामाङ, वडाध्यक्ष, वडा नं. २० | सदस्य |
| श्री चक्र रुचाल,कार्यपालिका सदस्य | सदस्य |
| श्री विसुराम कुँवर,वरिष्ठ आ.ले.प. अधिकृत | सदस्य-सचिव |

कार्यान्वयन समितिले स्थलगतरुपमा आफ्नो कामकारवाही अगाडि बढाउँदा निर्देशक समितिमा रहेका पदाधिकारीहरुसम्वद्ध कार्यालय र अन्य सरोकारवालासँग समन्वय गर्न र बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२. नगर कार्यपालिकाको कार्यालयका स्थायी कर्मचारी वुद्धिसागर न्यौपाने कार्यालयको कामबाट घर फर्कने क्रममा दुर्घटनामा परी सख्त घाइते भएको र अपरेसन समेत गर्नुपर्दा ठूलो रकम उपचार खर्च लाग्ने सन्दर्भमा महानगरपालिकाको तर्फबाट रु एक लाख रकम सहयोगस्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

३. व्यवसाय बन्द गर्दा लिइने व्यवसाय करका सम्बन्धमा चालु आ.ब. मा व्यवसाय बन्दगर्नुपर्ने पर्याप्त आधार भएमा ६ महिना भन्दा कम अवधिको हकमा चालु वर्षको राजस्व रकम नलिई बन्द गर्न दिने तर ६ महिना भन्दा बढी अवधिका हकमा भने नियमानुसारको राजस्व रकम लिएर मात्र व्यवसाय बन्द गर्न दिने निर्णय गरियो ।

४. भरतपुर महानगरपालिका वडा नं २७ को जितपुर नजिकको नारायणी किनारमा तटवन्ध कटान गरी वस्तीतर्फ प्रवेश गर्न लागेको नारायणीको जोखिमलाई सुरक्षाकर्मी र स्थानीयवासीको अग्रसरतामा तत्कालिन रोकथाम कार्यमा संलग्न सबैमा विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।



Scanned by CamScanner